नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः २०७७/०७८ मार्गदर्शन
चलानी नं. ०२

मितिः २०७७/०४/०१

**विषयः आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धमा।**

श्री प्रमुख,
कोष तथा लेखा नियन्त्रक कार्यालय,
सबै ।

अर्थ मन्त्रालयको च.नं. २ मिति २०७७/०४/०१ को आर्थिक वर्ष २०७७/०७८ को बजेट कार्यान्वयन सम्बन्धी निर्देशन बमोजिम चालु आ.व. २०७७/०७८ को निमित्त विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन गरी उपलब्धी हासिल गर्न वार्षिक व्यय अनुमानमा उल्लेखित रकमको निकासा र खर्चको लागि आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ को उप-नियम १ बमोजिम विभिन्न मन्त्रालय, संवैधानिक निकाय, सचिवालय, आयोग तथा विभागलाई दिएका अख्तियारी तथा निर्देशनमा उल्लेख भएका विषय समेतलाई ध्यान दिई देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

**(क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी तहाँ कोष तथा लेखा नियन्त्रक कार्यालय अन्तर्गत बजेट कार्यान्वयन गर्ने सबै इकाईलाई भुक्तानी निकासा गर्ने व्यवस्था मिलाउने । चालु आर्थिक वर्ष २०७७/०७८ को मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा समावेश भएको बजेट तथा कार्यक्रम एकल खाता कोष प्रणाली (Treasury Single Account-TSA) मा प्रविष्टि भैसकेकाले सो हेरी अख्तियारी तथा कार्यक्रमको आधारमा भुक्तानी निकासाको व्यवस्था गर्ने ।

२. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०७७ चैत १५ गतेभित्र अनिवार्य रूपमा समर्पण गर्नु पर्ने व्यवस्था भएको छ । सोहि अनुसार भए नभएको अनुगमन गर्नु हुनेछ ।

**(ख) योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन**

३. विनियोजन ऐन, २०७७ को दफा ५ बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाइएको हुँदा सोहि अनुसार गर्ने गराउने ।

४. प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने वा बुंदा नं. ४ बमोजिम भएको निर्णयलाई खर्च गर्ने अख्तियारी मानी संघको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश तथा स्थानीय तहको कार्यालयलाई अर्थ मन्त्रालयमार्फत कार्यालय कोड लिई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट संघीय निकायको रूपमा प्रचलित संघीय कानुन बमोजिमको रकम निकासा लिने व्यवस्था भएकोले सोहि अनुसार गर्ने गराउने ।


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

पत्र संख्याः
चलानी नं.

५. प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै कार्यक्रम वा आयोजना प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको कुनै कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो कार्यक्रम वा आयोजना नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको हुँदा सोहि अनुसार गर्ने गराउने ।

६. स्थानीय तहको योजना तथा कार्यक्रम नेपाल सरकारको कुनै कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले संघीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको कार्य सञ्चालन कोष खाता (क.२.६) मा जम्मा हुने गरी रकम निकासा लिने व्यवस्था मिलाईएको छ यसको प्रतिवेदन र लेखापरीक्षण सम्बन्धित तहले नै गर्ने/गराउने गरी व्यवस्था मिलाईएको छ ।

७. बुंदा नं. ६ बमोजिम प्रदेश सरकारको कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा प्रदेश सरकारको निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेश सरकारको एकल खाता कोष प्रणालीमा नेपाल सरकारको कार्यालयलाई प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत कार्यालय कोड लिई सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयबाट प्रदेश सरकारको निकायका रूपमा प्रचलित प्रदेश कानुन बमोजिमको रकम निकासा लिने व्यवस्था भएकोले सोहि अनुसार गर्ने गराउने । यसको प्रतिवेदन र लेखापरीक्षण सम्बन्धित प्रदेश सरकारले नै गर्ने/गराउने गरी व्यवस्था मिलाईएको छ ।

८. विनियोजन ऐन, २०७७ बमोजिम प्रदेश तथा स्थानीय तहले सशर्त अनुदान अन्तर्गतका हस्तान्तरण भएका कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा थप रकम आवश्यक भएमा सशर्त अनुदानमा हस्तान्तरण हुँदाका बखतका साविकका आयोजनाको शुरू सम्झौता बमोजिमको रकम, थप रकम माग गरेको दिनसम्मको खर्च, आयोजना सम्पन्न हुने मिति र आवश्यक पर्ने थप रकमसहित त्यस्तो योजना/कार्यक्रमको कार्य प्रगतिको आधारमा मात्र थप रकम माग गर्ने व्यवस्था मिलाईएको छ । यसरी थप निकासा हुने रकम स्थानिय तहको हकमा सम्बन्धित स्थानिय तहको वार्षिक बजेटमा समावेश गरी सभाबाट अनुमोदन गरी लेखाङ्कन र प्रतिवेदन गर्नु पर्नेछ ।

९. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था भए बमोजिम वैदेशिक सहायतामा सञ्चालित आयोजना कार्यान्वयन गर्दा दातृ निकायसँग गरेको वित्तीय सम्झौता तथा आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरू पालना गर्नु/गराउनु पर्नेछ ।

१०. प्रदेश वा स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानमा समावेश भएको वैदेशिक स्रोतको खर्चको विवरण तत्काल प्राप्त गरी सोधभर्ना माग गर्ने र यसको अभिलेख राख्ने व्यवस्था अनिवार्य रूपमा पालना गर्नु/गराउनु पर्नेछ ।